# विश्व

**स्वचालित**
डायम्लरको चालकरहित गाडी। चीनले राजधानीका सार्वजनिक सडकमा उक्त स्वचालित गाडी परीक्षण गर्न अनुमति दिएको छ।



**दुर्घटना**
अमेरिकाको डेलावेरको टाउन्सेडनजिक भएको कार दुर्घटनामा आमाबाहेकका ४ जना छोरी र पिताको मृत्यु भएको छ।





विश्व २ मिनेट

## भारत

### इसाई धर्म प्रचार प्रक्राउ

राँची, (एजेन्सी)

झारखण्डको दुमकामा आदिवासीहरूलाई कथित रूपमा धर्म परिवर्तन गराउने प्रयासमा लागेको आरोपमा १६ इसाई धर्म प्रचारकलाई प्रक्राउ गरिएको छ। उनीहरूमाथि सिकारीपाडा थाना क्षेत्रको सुदूर फूलपहाडी गाउँमा गाउँलेका बीच गैरकानुनी ढंगले धर्म प्रचार गर्दै धर्म परिवर्तन गर्न जोड दिइरहेको आरोप लगाइएको थियो। पक्राउ परेका १६ जनालाई जेल पठाइसकेको र त्यसमा ७ जना महिला रहेको बताइएको छ। आदिवासीलाई धर्म परिवर्तन गराउन जोड दिएको, प्रलोभन दिएको वा गैरकानुनी रूपमा प्रचारप्रसार गरेको आरोपमा कानुनअनुसार ४ वर्षको जेल सजायँ हुन सक्छ।

## अफगानिस्तान

### अमेरिकी मारिए

काबुल, (एजेन्सी)

उत्तर एटलान्टिक सन्धी संगठन (नेटो) ले आइतबार सम्भवत: आफ्नै सहकर्मीको आक्रमणमा १ जना अमेरिकी सैनिक कर्मचारी मारिएको र अन्य २ जना घाइते भएको जनाएको छ। नेटोको नेतृत्वमा रहेको रिसोल्युट सपोर्ट मिसनले शनिबार दक्षिणी अफगानिस्तानमा सो आक्रमण भएको पुष्टि गरेको छ। तर अहिलेसम्म आक्रमण कसबाट भयो भन्ने यकिनका साथ कसैले उल्लेख गरेको छैन। एकजना प्रहरी अधिकारीले उरुज्गान प्रान्तको राजधानी टारिन्कोटस्थित विमानस्थलमा सो गोली काण्ड भएको एएफपी समाचार निकायलाई बताएका छन्।

## दक्षिण कोरिया

### पोर्नोग्राफीको विरोध

सोल, (एजेन्सी)

स्पाई क्यामेराबाट पोर्नोग्राफी फिल्म बनाउने अवैध कार्य रोक्न माग गर्दै शनिबार दक्षिण कोरियाको सोलमा दशौं हजार महिलाले विरोध प्रदर्शन गरेका छन्। महिलाहरू मात्र गरेको दक्षिण कोरियाकै यो सबैभन्दा ठूलो प्रदर्शन हो। पिडकहरूले सार्वजनिक स्थलहरूमा लुकाएर राखिएका क्यामेरामार्फत् अश्लील सामग्रीहरू तयार गर्ने गरेका छन्। पोर्नोग्राफी बिक्रीवितरण त्यहाँ अवैध भए पनि अनलाइनमार्फत् व्यापक मात्रामा अश्लील यौन भिडियो र तस्वीरहरू सेयर हुने गरेका छन्। उक्त प्रदर्शनका आयाजकले महिलाहरू सधैं आफ्नो बारे पोर्नोग्राफी बन्ने चिन्तामा रहने गरेको बताएको छ।

## चीन

### चालकरहित गाडी

बेइजिङ, (एजेन्सी)

चीनको राजधानी बेइजिङको सार्वजनिक सडकमा स्वचालित गाडी परीक्षणका लागि डायम्लरलाई अनुमति दिइएको छ। यस प्रकारको अनुमति पाउने यो पहिलो अन्तर्राष्ट्रिय गाडी निर्माता कम्पनी हो। अत्यन्त निगरानीमा सघन परीक्षण पूरा गरेपछि चिनियाँ सरकारले मर्सिडिज-बेन्ज ब्रान्डका मालिकलाई उक्त अनुमति दिएको कम्पनीले जारी गरेको एक विज्ञप्तीमा उल्लेख गरिएको छ। उक्त अनुमति चीनमा आफ्नो अनुसन्धान र विकाश प्रयासका लागि कोशेढुंगा सावित हुने जनाएको छ। जर्मनी र अमेरिकामा पनि अनुमति प्राप्त गरेको डायम्लरले अब बेइजिङको सडकमा पनि परीक्षण गर्न पाउने भएको विज्ञप्तीमा जनाएको छ।

# अमेरिकाको व्यवहार अफसोचजनक : उत्तर कोरिया





सोल, (एजेन्सी)

उत्तर कोरियाको सरकारी समाचार एजेन्सीले अमेरिकामाथि परमाणु निसस्त्रीकरणका लागि एकतर्फी माग गरिरहेको र यसका लागि उमाथि दबाब बनाएको आरोप लगाएको छ।

उत्तर कोरियाली सरकारका एक प्रवक्तालाई उद्धृत गर्दै न्युज एजेन्सी केसीएनएले 'अमेरिकी व्यवहार अफसोचजनक' भएको जनाएको छ। उत्तर कोरियाली सरकारका एक प्रवक्तालाई उद्धृत गर्दै अमेरिकी विदेशमन्त्री माइक पोम्पियो परमाणु निसस्त्रीकरणका लागि राखेको माग एकतर्फी भएको केसीएनएले जनाएको छ।

सिंगापुरमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र उत्तर कोरियाली नेता किम जोङ उनबीच भेटवार्ताको मूल भावनाविपरीत अमेरिका गइरहेको र परमाणु कार्यक्रम छोड्न अमेरिकाले एकतर्फी दबाब दिइरहेको समाचार एजेन्सीले जनाएको छ। यसअघि उत्तर कोरियाको भ्रमण सम्पन्न गरी फर्केका अमेरिकी विदेशमन्त्री माइक पोम्पियोले उत्तर कोरियाली नेतासँगको उनको वार्ता सकारात्मक रहेको प्रतिक्रिया दिएका थिए। दुई देशबीच परमाणु निसस्त्रीकरणसहित विकाससँग सम्बन्धित सबै मुद्दामा वार्ता भएको उनले बताएका थिए। माइक पोम्पियो शुक्रबार दुई दिवसीय यात्राका लागि उत्तर कोरिया पुगेका थिए।

माइक पोम्पियोले उत्तर कोरियाली नेता किमका नजिक मानिएका अधिकारी किम योङ चोलसँगको भेटवार्तापछि उक्त टिप्पणी गरेका थिए। पोम्पियोको भेटवार्ताको प्रमुख उद्देश्य उत्तर कोरियासँग परमाणु निसस्त्रीकरणको मुद्दालाई अगाडि बढाउनु हो। अमेरिकी राष्ट्रपति ट्रम्प र उत्तर कोरियाका नेता किमबीच जुन १२ मा सिंगापुरमा भएको ऐतिहासिक भेटवार्तापछि पोम्पियोको यो पहिलो उत्तर कोरियाली यात्रा थियो।

ट्रम्पसँगको वार्तापछि किमले परमाणु निसस्त्रीकरणतर्फ बढ्ने प्रतिबद्धता व्यक्त गरेको थियो। तर यो कसरी गर्ने भन्ने विषयमा विस्तृत जानकारी भने दिइएको थिएन। भेटवार्तापछि पनि अमेरिकी राष्ट्रपतिले उत्तर कोरियामाथि नयाँ प्रतिबन्ध लगाएका थिए। अमेरिकी गुप्तचर अधिकारीले उत्तर कोरिया अझै पनि आफ्नो परमाणु कार्यक्रम सञ्चालन गरिरहेको प्रमाण प्राप्त भएको दाबी गरेका थिए।

# बाढी-पहिरोका कारण जापानमा ६० को मृत्यु



टोक्यो, (एजेन्सी)

भीषण वर्षाका कारण पश्चिमी जापानका केही भागमा आएको डरलाग्दो बाढी र पहिरोको खतरा अझै टलिनसकेको अधिकारीले आइतबार बताएका छन्। एकजना मौसमविद्ले आफूहरूले यसअघि कहिल्यै पनि यति ठूलो वर्षा महसुस नगरेको पत्रकारलाई बताएका छन्।

हिरोसिमालगायत अन्य क्षेत्रमा भीषण वर्षाको कारण नदीहरूको बाँध भत्किएर बाढी आउँदा ६० जनाभन्दा बढी व्यक्तिको ज्यान जानुका साथै अन्य दर्जनौं बेपत्ता भएको सरकारी सञ्चार माध्यमले जनाएको छ। २० लाख मानिसलाई सुरक्षित गन्तव्यतर्फ लगिएको छ।

जापानी प्रधानमन्त्री सिन्जो आवेले आइतबार आयोजित पत्रकार सम्मेलनमा भनेका छन्- 'उद्धारकर्मी दिनरात नभनी खटिरहेका छन्। अझै थुप्रै व्यक्ति हराइरहेका छन्। अन्य धेरैलाई पनि मद्दतको निकै खाँचो रहेको छ।'

बिहीबारदेखि सो क्षेत्रमा विगतको कीर्तिमान तोडेर पानी परिरहेको छ। मारिनेमा अधिकांश हिरोसिमाको मोटोयामा शहरका रहेको प्रहरीले जानकारी दिएको छ। शुक्रबार बिहानदेखि शनिबार बिहानसम्ममा त्यहाँ ५ सय ८३ मिलीलिटर पानी परेको बताइएको छ।

सोमबारसम्ममा सो क्षेत्रका केही भागमा अझै २ सय ५० मिलीलिटर वर्षा हुने पूर्वानुमान गरिएको छ। जापानिज मौसम विभागले एक औपचारिक विज्ञप्ति जारी गर्दै परिस्थिति निकै नाजुक रहेको घोषणा गरेको छ। सन् २०११ मा पनि जापानमा आएको भयानक सुनामीका कारण झन्डै १८ हजार मानिसको ज्यान गएको थियो।

# फैजको कवितांश 'हम देखेंगे' का कारण विवाद




पुणे, (एजेन्सी)

पाकिस्तानका प्रख्यात सायर फैज अहमद फैजको क्रान्तिकारी कविता 'हम देखेंगे' भारतको पुणेस्थित राष्ट्रिय फिल्म तथा टेलिभिजन इन्स्टिच्युट (एफटीआईआई)मा विवादको कारण बनेको छ।

एफटीआईआई क्याम्पसको होस्टलका २ छात्रलाई उक्त मुद्दामा निस्कासन गर्ने सूचना जारी गरेको अधिकारीले बताएका छन्। ती २ विद्यार्थीले क्याम्पसको पर्खालमा 'हम देखेंगे' लेखेका थिए। यसलाई प्रशासनले धम्कीका रूपमा बुझेका थिए। प्रशासनले यसलाई तोडफोड तथा भित्ता बिगारेको बताएका छन्।

एफटीआईआई विद्यार्थी युनियनका महासचिव रोहित कुमारले सञ्चार माध्यमलाई भने- 'हिजो पुरै दिन धर्ना र वार्तापछि प्रशासनले सूचना फिर्ता लिएको र पुन: यस्तो घटना दाहोरिएमा क्षमा नदिने भनेका छन्।

प्रशासनले शुरूमा लिखित माफी माग्न र भित्तामा बनाइएका ग्राफिटीमा सेतो रङ लगाएपछि मात्र कारबाहीको सूचना फिर्ता लिने कुरा राखेको उनले बताए।

विद्यार्थीले भने उनीहरूले कुनै गल्ती नगरेको र यस प्रकारको सूचना उनीहरूको अभिव्यक्तिको स्वतन्त्रतामाथि रोक लगाउने प्रयास भएको बताए।

स्थानीय अखबार 'पुणे मिरर' ले होस्टल निस्कासित गरिएका २ छात्रमा एक केरल र अर्को पश्चिम बंगालको भएको उल्लेख गरिएको छ।

ती २ विद्यार्थीमध्ये एक इन्डियन एक्सप्रेसलाई आफूले फैजको कविताको एक लाइन लेखेको बताएका थिए। उनले भनेका छन्- 'यो कविताले मलाई अत्यन्तै प्रभावित गरेको छ र यो लेख्नुको उद्देश्य कुनै प्रकारको विरोध होइन। तर प्रशासनले यसको गलत अर्थ निकाले र हामीले क्यान्टिनको नवीकरणविरुद्ध काम गरेको सम्झे।

उक्त संस्थाका निर्देशक भूपेन्द्र क्याथोलाले ती २ छात्रले एफटीआईआईको नयाँ बनेको क्यान्टिनका पर्खाल र ढोकामा ग्राफिटी बनाएको बताए। उनीहरूले उक्त काम राति लुकेर गरेको र सुरक्षाकर्मीले रोक्दा पनि नरोकेकाले त्यस्तो गतिविधि स्वीकार्य नहुने उनले बताए।

रोहित कुमारले यो एफटीआईआईको मात्र समस्या नभएर देशभरिका शिक्षण संस्थानमा अभिव्यक्ति स्वतन्त्रताको वातावरणलाई कम गर्ने र यसलाई नियन्त्रण गर्ने प्रयास भइरहेको बताए। कविताको कुनै एक लाइनलाई लिएर कसैलाई समस्या हुन नपर्ने उनले बताए।

# थाई गुफाबाट किशोरहरूको सफल उद्धार

बैंकक, (एजेन्सी)

२ सातादेखि उत्तरी थाइल्यान्डको थाम लुआँग गुफामा फसेका १२ जना किशोर मध्ये ६ जनाको आइतबार सफल उद्धार भएको सरकारी अधिकारीहरूले बताएका छन्। बाढीको पानी जमेका कारण ती किशोरहरूलगायत तनका प्रशिक्षक त्यहाँ थुनिइएका थिए। केही दिनअघि मात्र बेलायतबाट आएका दुईजना गोताखोरले तिनीहरू अझै जीवित रहेको फेला पारेका थिए। त्यस यता थाई सरकारले तिनीहरूलाई आवश्यक खाद्यान्न, अक्सिजन र औषधि पठाउँदै गरेको थियो।

गुफामा पानीको उचाइ बढ्न सक्ने खतरालाई मध्यनजर राख्दै हिजो उद्धारकर्ताहरूले चुनौती मोलेर तिनीहरूलाई गुफाबाट बाहिर निकाल्ने प्रयास गरेका थिए। अनुभवी गोताखोरहरूले तिनीहरूलाई गुफाको मुखतिर अघि बढ्ने तरिका सिकाइरहेका छन्। शुक्रबार गुफाभित्र अक्सिजन पुर्‍याएर आएका एकजना पूर्वनौसैनिक तथा गोताखोर सामान गुनानको बीचैमा आफ्नै अक्सिजन सकिएको कारण मृत्यु भएको थियो। बीबीसीका पत्रकार ड्यान जोहन्सनले शनिबार गुफामा पुगेका डाक्टरहरूले कमजोर किशोरहरूलाई छानेर उद्धारको पहिलो प्राथमिकतामा राखेको जानकारी दिएका छन्।

विगत सातादेखि गुफाको मुखमा ठूला संख्यामा स्वयम्सेवक र पत्रकारहरूको जमघट रहँदै आएको छ। तर हिजो बिहान सबेरै उद्धार कार्य शुरू हुन लाग्दा पत्रकारलाई त्यहाँबाट तल सडकतर्फ जान आदेश दिइएको थियो। त्यसपछि उक्त उद्धार अभियानको नेतृत्व गरिरहेका नारोंगसाक ओस्टानाकोर्नले अठार जना कुशल र अनुभवी गोताखोरलाई ती किशोरहरूको उद्धारका लागि खटाएका थिए।




उद्धारकार्यका लागि किशोरहरूका सम्बन्धित परिवारसँग पनि अनुमति लिइएको थियो। ती किशोरहरू रहेको स्थानबाट पुन: गुफाको मुखमा फर्कन ती अनुभवी गोताखोरहरूलाई पनि एघार घन्टा लामो समय लागेको थियो। सहयोगका लागि पहिले नै राखिएका डोरीको सहाराले तिनीहरूले निष्पट अँध्यारोमा कहिले हिंड्ने , पानी छोचोल्ने, चढ्ने र पानीमुनि पौडने काम गरेका थिए। प्रत्येक दुईजना फुल फेस मास्कलगायतका गोताखोरले एकजना किशोरलाई उद्धार गरेका थिए। ती किशोरहरूले पनि एयर सप्लाइको उपकरण प्रयोग गरेका थिए।

उद्धार गरिएका किशोरहरूको स्वास्थ्य अवस्था सन्तोषजनक रहेको अस्पताल सूत्रले जनाएको छ। तिनीहरूलाई उद्धार गरिएलगत्तै चियांग राइ शहरस्थित अस्पतालमा लगिएको थियो। अहिले थाइल्यान्डमा बिना कुनै सुरक्षा योजना र तयारी यसरी फुटबल प्रशिक्षकले यसरी ती किशोरहरूलाई गुफाभित्र लानु न्यायोचित छ वा छैन भन्नेबारे सरकारी र जनस्तरमा चर्को बहस भइरहेको छ।